# साक्षर नेपाल वर्ष, २०७६
# LITERATE NEPAL YEAR, 2019

## अवधारणा पत्र



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# साक्षर नेपाल वर्ष, २०७६
# LITERATE NEPAL YEAR, 2019

## अवधारणा पत्र

(नेपाल सरकार मन्त्री परिषदबाट मिति २०७५।०९।१६ मा स्वीकृत)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# भूमिका

नेपालमा वि.सं.२०६५ र २०६९ सालमा दुई पटक गरी जम्मा ६ वर्षको राष्ट्रिय साक्षरता अभियान सरकारी र गैर सरकारी क्षेत्रसँग सहकार्य गरी संयुक्त राष्ट्र सङ्घको विश्वव्यापी अभ्यासलाई समेत अनुसरण गर्दै न्युनतम १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको क्षेत्र, जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति कार्यान्वयनमा रहेको छ । वि.सं २०७२ सम्ममा सबै जिल्लामा सघन साक्षरता कार्यक्रम तर्जुमागरेर साक्षर नेपाल घोषणा गरिसक्ने लक्ष्य लिइकोमा वि.सं २०७५ असारसम्ममा मुलुकका ७७ मध्ये ४७ जिल्ला साक्षर घोषित भै सकेका छन् । बाँकी ३० जिल्लाका लागि पनि साक्षर घोषणा गर्न सक्ने गरी साक्षरताका सघन कार्यक्रमहरू विगत आर्थिक वर्षहरूमा पनि सञ्चालन हुँदै आएको छ । नेपाल सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा आगामी २ वर्षभित्रमा"साक्षर नेपाल"घोषणा गर्ने नीति लिएको छ ।

विश्वमा सहश्राब्दी विकासका लक्ष्य, सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् संयुक्त राष्ट्र सङ्घीय घोषणाअन्तर्गत ठूलो राशीको वैदेशिक सहायतासमेत परिचालन गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिएको छ । दिगो विकासका लक्ष्य, २०३० (Sustainable Development Goal-SDG), को लक्ष्य नं.४ मा ''सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने''लक्ष्य उल्लेख छ ।

आगामी वर्षभित्र "साक्षर नेपाल"घोषणा गर्ने नेपाल सरकारको घोषित लक्ष्य पुरा गर्न विगतको अभ्यास, उपलब्धि र अनुभव तथा वर्तमान वस्तुगत अवस्थाका आधारमा मूलतः स्थानीय सरकार मार्फत् बाँकि जिल्ला तथा स्थानीय तहका लागि साक्षरता अभियान आवश्यक रहेको छ । यसका लागि चालु आर्थिक वर्षमा नै आवश्यक नीति, मापदण्ड, समन्वय तथा वित्तीय व्यवस्थापन आवश्यक रहेकाले सोका लागि मूल मार्गदर्शनका रुपमा यो साक्षर नेपालवर्ष, २०७६ (Literate Nepal Year, 2019) को अवधारणा पत्र तयार गरिएको छ । यो अवधारणा पत्र

नेपाल सरकार मन्त्री परिषदबाट मिति २०७५।०९।१६ मा स्वीकृत गरी लागु भएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उप महानिर्देशक श्री चुडामणि पौडेलको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव श्री गुरुप्रसाद मैनाली, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री डिलाराम पन्थी, युनेस्को काठमाडौका प्रमुख श्री बलराम तिमल्सिना, शिक्षाविद् सह प्रा.डा. सुशन आचार्य सदस्यहरू र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक श्री गेहनाथ गौतम सदस्य सचिव रहेको समितिबाट यो अवधारणा पत्रको मस्यौदा तयार पारिएको छ । अवधारण पत्र तयार गर्ने क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा.गिरीराजमणि पोखरेल, शिक्षा सचिव श्री खगराज बराल, महानिर्देशक श्री बाबुराम पौडेल, सहसचिवहरू, कर्मचारीहरू, राष्ट्रिय सञ्चार गृहका शिक्षा सञ्चारकर्मीहरू तथा अन्य सरोकारवालासँग कार्यशाला तथा बैठकहरू आयोजना गरी पृष्ठपोषण ग्रहण गरिएको छ । अवधारणा पत्र तयार पार्दा संबैधानिक निर्देश, संघीय संरचनाअनुसार भिन्न तह तथा निकायमा प्रदत्त अधिकारका सूचीहरू, पारस्परिक समन्वय, सहकार्य र साझेदारी एवम् विगतको अनुभव र अभ्यासलाई आधार मानिएको छ ।

नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएपछि आगामी वर्ष “साक्षर नेपाल”घोषणा गर्न सक्ने गरी स्थानीय तहबाट नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, स्थानीय साझेदार, सञ्चार कर्मी, शिक्षक, विद्यार्थी, अभिभावक, राजनीतिक दलहरू तथा नागरिक समाजसँग आवश्यक समन्वय, सहकार्य र साझेदारीमा साक्षरता प्रवर्धन गर्न आवश्यक कार्यहरू तत्कालै प्रारम्भ गर्नु पर्नेछ । अन्तमा यस अभियानमा सबैबाट आवश्यक समन्वय, सहयोग, साझेदारी र सहभागिताको अपेक्षा गरिएको छ । धन्यवाद ।

## विषयसूची


१. पृष्ठभूमि ७

२. साक्षरताको विद्यमान अवस्था ९

३. विद्यमान समस्याहरू ११

४. अवसरहरू १३

५. साक्षर नेपाल वर्षको औचित्य १५

६. साक्षर नेपाल वर्षको उद्देश्य १५

७. अभियान कार्यान्वयन रणनीति १७

८. साक्षरता सिकाइको ढाँचा र प्रारम्भ १७

९. पाठ्यक्रम, सामग्री तथा प्रमाणीकरणको व्यवस्था १८

१०. साक्षर घोषणाको कार्यविधि २०

११. तहगत कार्य जिम्मेवारी र दायित्व २१

११.१ केन्द्रीयस्तरका जिम्मेवारी २१

११.२ प्रदेश तहका जिम्मेवारी २३

११.३ स्थानीय तहको जिम्मेवारी २४

११.४ अन्य निकायहरूको दायित्व २५

१२. संस्थागत संरचना २६

१३. साक्षर नेपाल पछिको परिकल्पना २९

१४. बजेट व्यवस्थापन ३०

१५. सम्भावित चुनौतीहरू ३२

**अनुसूचीहरू**

अनुसूची १ : साक्षर घोषणा गर्न बाँकी जिल्लाहरूको तथ्याङ्कीय अवस्था ३३

अनुसूची २ : २०७४ चैत्रसम्म साक्षर घोषित जिल्लाहरू विवरण ३४

# १. पृष्ठभूमि

मानव जीवनका लागि आवश्यक ज्ञान, सिप तथा आदतहरू विकास गर्न औपचारिक, अनौपचारिक र अरीतिक माध्यमहरू हुन्छन् । सामान्यतः साक्षर भन्नाले अक्षरमा लिपिबद्ध भएका सूचना र जानकारीहरू पढेर, लेखेर वा गणितीय अभ्यासबाट व्यक्तिले आवश्यक सञ्चार गर्नसक्ने क्षमतालाई जनाउँछ । विश्वका सबै मुलुकहरूमा अनौपचारिक शिक्षालाई कुनै न कुनै स्वरूपमा शैक्षिक प्रणालीको अभिन्न अङ्गकका रूपमा मानिदै आएको छ । यस प्रणालीले स्वआर्जित ज्ञान सिपको परिष्कार, विकास, अद्यावधिक एवम् प्रमाणीकरण गर्ने तथा आधारभूत साक्षरता सिप विकास गर्ने गरी दुई ओटा उद्देश्य पुरा गर्ने गरेको पाइन्छ (अनौपचारिक शिक्षा व्यवस्था कार्यान्वयनका लागि क्षमता विकास अभियान, योजना तर्जुमा दिग्दर्शन, २०७५) । साक्षरता सिप जीवनपर्यन्त शिक्षाका लागि पूर्वाधार हो । तसर्थ साक्षरता सिप हाँसिल गरिसकेपछि जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गरिनु पर्दछ । त्यसैले जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्न नेपालको प्रतिबद्धता रहेको छ । नेपालमा साक्षरता शिक्षा परम्परागत रूपमा मान्यजन कचहरी, धार्मिक सभा, गुरुकुल शिक्षा जस्ता मौलिक प्रथाबाट मौखिक साक्षरता मार्फत् थालनी भएको पाइन्छ । वि.सं. २००४ सालमा आधार शिक्षाको थालनीसँगै लेख्य साक्षरता शिक्षाको औपचारिक प्रारम्भ भएको हो । वि.सं. २००८ सालपछि भने आम जनतालाई साक्षर बनाउने कामको थालनी भएको थियो ।

"नेपालमा शिक्षा" प्रतिवेदन, २०११ ले प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरेपछि वि.सं २०१३ सालदेखि योजनाबद्धरूपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो । साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गर्न वि.सं. २०२२ सालदेखि कार्यमूलक साक्षरतालाई समावेश गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ को मध्यावधि मूल्याङ्कनपछि साक्षरता कार्यक्रमलाई अझ व्यापक बनाइयो । शिक्षा मन्त्रालयमा वि.सं. २०३७ सालदेखि प्रौढ शिक्षा शाखा स्थापना गरी साक्षरता शिक्षालाई संस्थागत

संरचनामार्फत विस्तार गरियो । वि.सं. २०३८ सालमा ग्रामीण विकासका निम्ति सेती शिक्षा परियोजनाको कार्यान्वयन चरणमा महिला तथा किशोरीहरू लक्षित चेलीबेटी कार्यक्रम सञ्चालन गर्न थालियो भने प्रौढ साक्षरतामा समसामयिक सुधार गरी विस्तार गरियो । निरक्षरता उन्मूलनको व्यवस्थित अभियानलाई तीव्रता दिन सम्वत् २०४५ सालमा राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरिएको थियो ।

हरेक मुलुकका आआफ्ना प्रयत्नहरूसँगै सहश्राब्दि विकासका लक्ष्य (Millennium Development Goal-MDG) सँगै सन् २००० मा सम्पन्न संयुक्त राष्ट्र सङ्घीय विश्व शिक्षा मञ्चको डकार सम्मेलनबाट सबैका लागि शिक्षा (Education For All- EFA) का लागि ६ ओटा उद्देश्यहरू पारित गरियो । यसमा सबै बालबालिकालाई सन् २०१५ सम्ममा गुणस्तरयुक्त, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने तथा सबै वयस्कहरूलाई आधारभूत तथा निरन्तर शिक्षा र जीवनोपयोगी सिपको पहुँचमा ५० प्रतिशत सुधार गर्ने लक्ष्य निर्धारण गरियो ।

वि.सं.२०५८ सालको राष्ट्रिय जनगणनामा साक्षरताको तथ्याङ्कलाई विशेषरूपमा प्रयोग गर्दै २०६८ सालको राष्ट्रिय जनगणनामा साक्षरताका विभिन्न आयामबाट तथ्यहरू प्रकाशित गरियो । तत्कालीन शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्रबाट वि.सं. २०६७ सालमा प्रत्येक निरक्षर नागरिकको स्थलगत घरधुरी सर्वेक्षण गरी नागरिकको नामनामेसी विवरण सङ्कलन गरियो ।

वि.सं.२०६५ र २०६९ सालमा दुई पटक गरी जम्मा ६ वर्षको राष्ट्रिय साक्षरता अभियान सरकारी र गैरसरकारी क्षेत्रको सहकार्यमा सञ्चालन गरियो । शिक्षा मन्त्रालयले त्यसैवेला राष्ट्र सङ्घको विश्वव्यापी अभ्यासलाई समेत अनुशरण गर्दै १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भएको सुनिश्चित भएका सम्बन्धित क्षेत्र एवम् जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति पारित गरेको छ । यस नीतिका आधारमा साक्षर

गाउँ, नगरपालिका हुँदै सम्वत् २०७१ असारदेखि "साक्षर जिल्ला घोषणा" गर्ने अभ्यासको थालनी गरिएको छ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य हकका रूपमा स्थापित गरेको छ । सबैका लागि शिक्षाको अवसर अभिवृद्धि गर्न सरकारले औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट विभिन्न उमेर समूहका महिला, पुरुष, विशेष आवश्यकता भएका तथा कठिन परिस्थितिमा रहेका प्रत्येक बालबालिका तथा वयस्कका लागि कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ । यसै सन्दर्भमा दिगो विकासका लक्ष्यहरू २०३० को लक्ष्य नं.४ मा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" उल्लेख छ ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन गर्ने, प्रदेश र स्थानीय तहको शैक्षिक विषयमा समन्वय गर्ने तथा शैक्षिक गुणस्तर, मानक निर्धारण मापन र नियमन गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई तोकिएको छ ।

## २. साक्षरताको विद्यमान अवस्था

सहश्राब्दि विकासका लक्ष्य (Millennium Development Goal-MDG) र सबैका लागि शिक्षा (Education For All-EFA) जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रसङ्घीय घोषणा अन्तर्गत ठूलो राशिको वैदेशिक सहायता परिचालन गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिए । सन् २०१६ देखि आगामी १५ वर्षसम्मका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धताको नयाँ आयामकारूपमा दिगो विकासका लक्ष्य (Sustainable Development Goal-SDG) अन्तर्गत नागरिकको जीवनसँग जोडिएको योग्यतामुखी जीवनपर्यन्त शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य पुरा गर्न सरकारले आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइसकेको छ ।

वि.सं २०७२ सम्ममा सबै जिल्लामा सघन कार्यक्रम वितरण गरेर साक्षर नेपाल घोषणा गरिसक्ने लक्ष्य लिइकोमा वि.सं २०७५ असारसम्ममा मुलुकका

७७ मध्ये ४७ जिल्ला साक्षर घोषित भएका छन् । बाँकी ३० जिल्लाका लागि पनि साक्षर घोषणा गर्नसक्ने गरी साक्षरताका सघन कार्यक्रमहरू विगत आर्थिक वर्षहरूमा नै सञ्चालन गर्दै आइएको छ । सरकारले चालु वर्षको बजेट वक्तव्यमा आगामी २ वर्षभित्र "साक्षर नेपाल" घोषणा गर्ने लक्ष्य लिएको छ । हालसम्म राष्ट्रिय युवा साक्षरता (१५-२४ वर्ष) दर ९५ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता (१५-६० वर्ष) दर ८२ प्रतिशत रहेको छ । हाल संस्थागत संरचनाका रूपमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारसँगै देशभर विद्यालयहरू, २१५१ ओटा सामुदायिक अध्ययन केन्द्रहरू, ११३ ओटा खुला विद्यालय र १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय क्रियाशील रहेका छन् ।

हालसम्म साक्षर घोषणा घोषणा गरिएका तथा साक्षर हुन बाँकी जिल्लाहरूको विवरण अनुसूचीमा राखिएको छ । साक्षर घोषणा हुन बाँकी ३० जिल्लाहरूमा साक्षरताका लागि गरिनु पर्ने थप प्रयत्नको आवश्यकताका आधारमा रहेको अवस्था देहायअनुसार चार समूहमा प्रस्तुत गर्न सकिन्छ छ :

१. 'क' समूह : साक्षर घोषणा गर्ने निर्णय भएका जिल्लाहरू–
   काभ्रेपलाञ्चोक, सङ्खुवासभा, उदयपुर, मोरङ, डडेल्धुरा र बैतडी ।
२. 'ख' समूह : साक्षर घोषणा गर्ने प्रतिबद्धता भएका जिल्लाहरू–
   कैलाली, डोटी, बाँके, काठमाडौं, कपिलवस्तु र ताप्लेजुङ ।
३. 'ग' समूह : केही थप कक्षा आवश्यक देखिएका जिल्लाहरू
   मुगु, जुम्ला, कालिकोट, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर र महोत्तरी ।
४. 'घ' समूह : सघन कक्षा सञ्चालन गर्नुपर्ने जिल्लाहरू–
   धनुषा, रौतहट, सर्लाही, सिराहा, सप्तरी,.बारा, पर्सा, सोलुखुम्बु, हुम्ला र डोल्पा ।

अहिले पनि एकातिर कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुने, लक्षित समूहले प्रदत्त अवसरको उपयोग गर्न नसक्ने वा नचाहने अवस्था र अर्कातिर उचित अवसर नै दिइएन भन्ने टिप्पणी र प्रतिक्रियाका बिचबाट वस्तुगत अवस्था

पहिचान र यसको अभिलेखन गर्न आवश्यक छ । अब साक्षर घोषणा हुन बाँकी जिल्लाहरूमा मूलतः स्थानीय तहबाट साक्षरताको थप अवसर प्रदान गर्न आवश्यक छ । यसै गरी साक्षरता सिप हाँसिल गरिसकेका नवसाक्षरहरूले पनि निरन्तर र साक्षरोत्तर शिक्षाको अवसर नपाउँदा वा बुढ्यौलीसँगै क्रमशः विस्मरणमा पुग्ने हुनाले निरन्तर शिक्षाको अवसर विस्तार गर्नु पर्दछ ।

वि.सं.२०६७ मा घरघुरी सर्वेक्षण गर्दा १५ वर्ष उमेर नपुगेका कारण नसमेटिएको जनसङ्ख्या यो आठ वर्षको अवधिमा बढी उमेर समूहको बनेको छ । यदि यो समूहका व्यक्ति हालसम्म पनि विद्यालयमा औपचारिक प्रवेश नगरेको पाइएमा त्यस्ता व्यक्तिलाई पनि साक्षरताको अवसर प्रदान गर्नु पर्दछ । यो जनसङ्ख्या मध्येबाट निरक्षर पहिचान गर्न हरेक गाउँपालिका तथा नगरपालिकामा तथ्याङ्क एकीन गर्नु पर्ने हुन सक्दछ ।

## ३. विद्यमान समस्याहरू

साक्षरता अभियान कार्यक्रमको प्रभावकारिता अध्ययन, २०७३ ले निम्नलिखित समस्याहरू औंल्याएको छ :

क. घरायसी अवस्था र खेतीपातीको कामले गर्दा साक्षरता कक्षामा सहभागीहरूको नियमिततामा समस्याको विषय बन्ने गरेको छ,

ख. साक्षरता कक्षामा बढी उमेरका सहभागीहरू हुने हुँदा साक्षरता सामग्रीको अक्षर र सादा चित्र हेर्न पनि समस्या हुनाले पनि कक्षामा उत्साह कम रहने गरेको छ,

ग. कार्यक्रमको व्यवस्थापकीय पक्षमा सुधार गर्न थप समन्वय र सहभागिता अभिवृद्धि आवश्यक छ ।

यी बाहेक तहगत संरचनाका आधारमा अनुभूत गरिएका समस्या देहायअनुसार छन् :

### ३.१ स्थानीय तथा जिल्ला स्तर

क. निरक्षर रहेको बस्ती र समूहसम्म साक्षरता कार्यक्रम पुग्न नसकी सहज समूह र बस्तीमा मात्र साक्षरता कक्षा सञ्चालन हुँदा

वास्तविक निरक्षर छुटिरहने र साक्षर व्यक्तिहरू दोहोरिने स्थिति रहेको,

ख. सबै क्षेत्र र समुदायमा लक्षित उमेर समूहका निरक्षर नागरिकका बारे एकीन तथ्याङ्कको कमी रहेको,

ग. कक्षामा सहभागिता र सिकाइमा निरन्तरताका लागि अभियानकै रूपमा लैजान ठोस प्रयासको कमी रहेको,

घ. स्थानीय तहको पुनःसंरचनापछि गाउँपालिका तथा नगरपालिकाहरूमा साक्षरता कार्यक्रमको योजना, कार्यक्रम व्यवस्थापन र कार्यान्वयन पद्धति संस्थागत बन्ने क्रममा रहेको,

ङ. जिल्ला तहमा साक्षरता अभियानका लागि कार्य विवरणसहितको संयन्त्र र जनशक्तिको अपर्याप्तता रहेको छ ।

## ३.२ प्रदेश स्तर

प्रदेश तहमा संरचना, नीति, योजना र कार्य पद्धति र समन्वयको संयन्त्र संस्थागत बन्ने क्रममा रहेको ।

## ३.३ केन्द्र स्तर

क. केन्द्रीय तहमा अन्तर मन्त्रालय समन्वय र परिचालनको नीतिगत व्यवस्थाअनुरूप कार्यान्वयन हुन नसकेको,

ख. साक्षरता अभियान नियमित कार्यक्रमका ढाँचाबाट मात्र सञ्चालन हुँदैं आएकाले साक्षरताको सफलताप्रति पनि प्रश्नसमेत उठ्ने गरेको,

ग. राज्यका सबै संयन्त्र परिचालन गर्नका लागि सार्वजनिक आह्वान, प्रचार प्रसार र समन्वय गर्ने कार्यमा कमी रहेको,

घ. देशको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेश अनुसार अनौपचारिक शिक्षाका विभिन्न ढाँचा र विकल्पहरूको खोजी र अनुशरणमा कमी रहेको ।

## ४. अवसरहरू

क. हालसम्मको प्रयासबाट ४७ जिल्ला साक्षर घोषणा भइसकेका छन् । थप ६ जिल्लाले साक्षर घोषणाको भएको निर्णय गरिसकेका छन् । सङ्कलित निरक्षर सङ्ख्यालाई पुग्ने गरी सबै जिल्लामा सघन कार्यक्रम सञ्चालन गरिसकिएको छ । केही जिल्लाहरू साक्षर घोषणाको तयारीमा छन् । अब निरक्षर रहेका क्षेत्रमा साक्षरता अभियान सञ्चालन गर्न कम स्रोत, साधन र प्रयास भए पुग्ने अवस्था छ,

ख. सम्माननीय प्रधानमन्त्रीज्यू तथा मन्त्रिपरिषद्बाट साक्षर नेपाल अभियानको सफल कार्यान्वयनका लागि मार्गनिर्देशनसहित उच्च महत्व प्राप्त छ । चालु आ.ब.को बजेट वक्तव्यमा दुई बर्षभित्रमा 'नेपाल साक्षर' घोषणा गर्ने प्रतिबद्धता रहेको छ,

ग. अहिले सङ्घीय संरचनाअनुसार केन्द्र, प्रदेश र स्थानीय तहमा निर्वाचित र संवैधानिक अधिकार प्राप्त स्थायी सरकारहरू रहेका छन् । लक्षित समूह पहिचान गरी योजनाबद्ध प्रयास गर्न नेपाल सरकारसहित सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको प्रतिबद्धतासँगै विकास साझेदारहरू, प्राज्ञिक समुदाय, उद्योगी, व्यावसायी, राजनीतिक नेतृत्व, नागरिक समाज, विभिन्न पेसागत सङ्घ/संस्था, शिक्षक, विद्यार्थी, अभिभावक, आमसञ्चार माध्यमको सहभागिता बढ्दो छ ।

## ५. साक्षर नेपाल वर्ष, २०७६ को औचित्य

नेपालको संवैधानिक प्रावधानअनुसार सङ्घीय व्यवस्थाअनुरूप समग्र शासकीय प्रणालीलाई पुनर्संरचना एवम् रूपान्तरण प्रक्रिया चालु रहेको छ । नेपालको संविधानको अनुसूची ८ बमोजिम आधारभूत र माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको अधिकार रहेको हुनाले ७५३ ओटा स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था छ । यो संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ अनुसार अब विगतको केन्द्रिकृत प्रणालीअन्तर्गत विकास भएको संस्थागत विज्ञता तथा प्राविधिक क्षमता पनि स्थानीय सरकारबाट परिचालन हुनु पर्दछ । यस कार्यमा नेपाल सरकारले आवश्यक नीति, मापदण्ड, स्रोत, साधन र अनुगमन मूल्याङ्कन गर्दछ । तसर्थ साक्षरता अभियानको पनि राष्ट्रिय नीति, मापदण्ड, योजना र स्रोत साधनको प्रबन्ध नेपाल सरकारबाट हुने अवस्था छ । त्यसैले शिक्षा मन्त्रालयअन्तर्गत अनौपचारिक शिक्षाका क्षेत्रमा हालसम्म विकास गरिएको विज्ञता/क्षमता, प्रविधि तथा कार्य संस्कृति सङ्घीय शासन पद्धतिअनुसार स्थानीय स्तरबाट उपयोग गरिनु पर्ने अवस्था छ ।

आगामी वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने नेपाल सरकारको घोषित लक्ष्य पुरा गर्न विगतको अभ्यास, उपलब्धि र अनुभव तथा वर्तमान परिस्थितिका आधारमा बाँकी जिल्ला तथा स्थानीय तहका लागि साक्षरता अभियान आवश्यक रहेको छ । यसका लागि मूलतः साक्षर घोषणा गर्न बाँकी स्थानीय तहमा केन्द्रित अभियान सञ्चालन गर्नु आवश्यक छ । विगतमा साक्षर घोषण भएका र हालसम्म साक्षर घोषणा गर्न प्रतिबद्धता गरेका जिल्लाहरूका हकमा १५-६० वर्ष उमेर समूहलाई कायम गरिएको आधारलाई यथावत् राखी साक्षर घोषणा गरिने र स्थानीय तहबाट ६० भन्दा माथिका निरक्षर प्रौढहरूलाई साक्षरताको अवसर र नवसाक्षरलाई निरन्तर सिकाइको अवसर प्रदान गर्नु पर्दछ । साक्षर नेपाल वर्ष, २०७६ को हकमा १५ वर्ष र सोभन्दा माथिका सबै नेपाली नागरिकलाई साक्षरताको अवसर प्रदान गरी साक्षर नेपाल घोषणा भएको हुनेछ । नवसाक्षर नागरिकहरू सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिकरूपमा सचेत भएका हुनेछन् । नवसाक्षरहरूलाई निरन्तर शिक्षाका साथै विभिन्न सिपमूलक तालिममा सहभागी हुने अवसर प्राप्त गर्न सहज हुनेछ । नेपालले निरक्षरता उन्मूलन गर्न अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता पुरा गर्नसकिने र अन्ततः मानव विकास सूचाकाङ्कमा नेपालको स्तर अभिवृद्धि गर्न सहयोग पुग्नेछ ।

## ६.साक्षर नेपाल वर्षको उद्देश्य

यस साक्षर नेपाल वर्ष, २०७६ का उद्देश्यहरू देहायअनुसार रहेका छन् :

क. १५ वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिकहरूलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी वि.सं.२०७६ भित्रमा साक्षर नेपाल घोषणा गर्ने,

ख. सबै नेपाली नागरिकहरूका लागि जीवनपर्यन्त सिकाइको आधार तयार गर्ने ।

## ७. अभियान कार्यान्वयन रणनीति

१. साक्षरताको नीति, पद्धति र स्रोत परिचालन विधि नेपाल सरकारबाट तय गरिने छ,

२. साक्षर नेपाल अभियानको मुख्य नीतिगत तथा प्राविधिक पक्षमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट संयोजन तथा सहजीकरण हुनेछ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तहका सामाजिक विकास मन्त्रालयहरू मार्गदर्शक भूमिकामा रहनेछन्,

३. स्थानीय तहहरू साक्षरता तथा जीवनपर्यान्त सिकाइसम्बन्धी स्थानीय नीति, योजना एवम् कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न जिम्मेवार हुनेछन्,

४. स्थानीय सरकारको संयोजनमा सामुदायिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र, स्रोतकेन्द्र, विकास साझेदार गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम र अन्य साझेदारहरू परिचालन गरिनेछ,

५. प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने हरेक राजनीतिक दललाई साक्षरता अभियानमा आफ्ना संयन्त्र तथा भातृ संस्थाहरू परिचालन गर्न आव्हान गरिनेछ,

६.  अभियानका लागि आवश्यक पर्ने शिक्षण सिकाइसम्बन्धी प्राविधिक पक्षको सहयोग शिक्षा विकास तथा समन्वय इकाइमार्फत् उपलब्ध गराउने व्यवस्था गरिनेछ,

७. विगतमा अनौपचारिक शिक्षा केन्द्रबाट गरिदै आएका कार्यक्रमहरूलाई कक्षा प्रणाली, समूह प्रणाली वा व्यक्तिगत शिक्षण प्रणाली जस्ता उपयुक्त सबै ढाँचामा सञ्चालन गर्ने गरी संस्थागत प्रबन्ध गरिने छ । सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेट, सेलिब्रेटी, विज्ञापन जस्ता सञ्चार, प्रविधि तथा सहभागीमैत्री सामग्री र विधि प्रयोग गरिनेछ,

८. साक्षरता अभियानको कार्यक्रममा विद्यार्थी परिचालन तथा मूल्याङ्कन निर्देशिका, २०७० अनुसार माध्यमिक तहका विद्यार्थी तथा शिक्षकसमेतलाई परिचालन गरिनेछ,

९. दृष्टि कमजोर भएका साक्षरता कक्षाका सहभागीहरूलाई स्थानीय पहलमा चस्मा तथा अन्य प्रकारका विशेष अपाङ्गता भएका समूहका निरक्षर सहभागीलाई सम्भव भएसम्म सहज हुने विशेष व्यवस्था मिलाइनेछ,

१० हाल १५ वर्ष उमेर पुरा गरेका निरक्षर व्यक्तिहरूको पहिचान स्थानीय तहबाट गरी साक्षरताको अवसर दिने व्यवस्था मिलाइने छ,

११. साक्षर नेपाल अभियानले १५ वर्ष माथिका वयस्कलाई शिक्षाको अवसर प्रदान गर्ने तथा विद्यार्थी भर्ना अभियानले विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य शिक्षा सुनिश्चित गर्न सहयोग गर्ने हुनाले दुवै अभियानका सान्दर्भिक क्रियाकलापलाई सँगसँगै अघि बढाइनेछ,

१२. विशेष आवश्यकता भएका क्षेत्रमा थप वित्तीय तथा अन्य व्यवस्था गर्नुपरेमा साक्षरता अभियान केन्द्रीय समन्वय समितिबाट गरिएको प्रस्तावअनुसार नेपाल सरकारबाट उचित प्रबन्ध गरिने छ,

१३. साक्षरता सिप, आयआर्जन तथा जीनवपर्यन्त शिक्षा एवम् निरन्तर सिकाइको अवसर र अभ्यासमा दिगोपनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू बिच आपसी समन्वय, साझेदारी तथा सहकार्य अभिवृद्धि गरिनेछ ।

१४. विकास साझेदार, प्राज्ञिक समुदाय, उद्योगी, व्यावसायी, राजनीतिक दल, नागरिक समाज, अभियन्ताहरू, विभिन्न पेसागत सङ्घ, संस्थाहरू, शिक्षक, विद्यार्थी, अभिभावक, आम सञ्चार माध्यमको सहभागिता अभिवृद्धि गरिनेछ,

१५. भाषिक विविधता अनुसार साक्षरता र जीवनपर्यन्त सिकाइका अवसर बढाइने, वयस्कहरूका लागि सञ्चालित विद्यालयको पाठ्यसामग्री र मूल्याङ्कन पद्धति वयस्कमैत्री बनाइने, जेष्ठ नागरिक मैत्री शिक्षा, खुला शिक्षाको अवसर वृद्धि गर्ने जस्ता नीति अवलम्वन गरी निरन्तर शिक्षा प्रवर्धन गर्दै लगिनेछ ।

## ८. साक्षरता सिकाइको ढाँचा र प्रारम्भ

१. साक्षरता सिकाइका लागि साक्षरता अभियानको स्थानीय व्यवस्थापन, सहजकर्ताको व्यवस्था र सहभागीको अनुकूलता अनुसार देहायका ढाँचा अपनाइने छ :

**क. Each One Teach One :** समुदायमा रहेका साक्षर एकजना व्यक्तिले अर्को कम्तीमा एकजना निरक्षर व्यक्तिलाई निश्चित समयमा साक्षर गराउने गरी सञ्चालन गरिन्छ । यस ढाँचालाई व्यक्ति प्रणाली पनि भनिन्छ ।

**ख. समूह प्रणाली :** समुदायमा कुनै समूहका आबद्ध रहेका निरक्षरहरूलाई सो समूहको पहलमा साक्षर गराउने ढाँचा । समूह प्रणालीमा सहजकर्ताले धान्न र सिकारुले सिक्नसक्ने सहभागी रहन सक्नेछन् ।

ग. **परिवार साक्षरता :** आफ्नो परिवारमा रहेका निरक्षर व्यक्तिलाई परिवारकै साक्षर व्यक्तिको पहलमा साक्षर गराउने ढाँचा ।

घ. **कक्षागत प्रणाली :** सञ्चालक संस्थाबाट नियुक्त र तालिम प्राप्त सहजकर्ताबाट समुदायमा रहेका निरक्षरहरू जम्मा गरी निश्चित सङ्ख्यालाई कक्षामा राखेर सिकाउने ढाँचा कक्षागत प्रणाली हो । यस प्रणालीअन्तर्गत हिमाली जिल्लामा प्रतिकक्षा १५ जना, तराई, पहाड र उपत्यकामा २० जना सहभागी रहन सक्छन् ।

२. **सिकाइ समयावधि :** १५० देखि २०० घण्टासम्म रहने छ । यो समय बढीमा ४ महिनाभित्र दैनिक दुई घण्टाका दरले वा हप्तामा ६ दिन वा सहभागीको अनुकूलतामा निर्धारण गर्न सकिने छ ।

३. तोकिएको मापदण्डअनुसार निरक्षर जनसङ्ख्या बाँकी रही हालसम्म साक्षर घोषणा हुन नसकेका 'ग' तथा 'घ' समूहका जिल्ला तथा स्थानीय तहले निरक्षरता एकीन गरी साक्षरताको उपयुक्त विधि अपनाई चालु आर्थिक वर्षभित्र नै सघन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४. अभियानको समयावधिभित्रै कार्य सम्पन्न हुने गरी स्थानीय तहले आफ्नो अनुकूलतामा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सामान्यतः हिमाली जिल्लामा फागुन महिनाभित्र र अन्य जिल्लाहरूमा माघ महिनाभित्र कक्षा आरम्भ गरिसक्नु पर्ने

## ९. पाठ्यक्रम, सिकाइ सामग्री तथा प्रमाणीकरणको व्यवस्था

क. साक्षरता शिक्षाको कक्षाका लागि हाल प्रचलित पाठ्यक्रमका आधारमा तत्कालीन अनौपचारिक शिक्षा केन्द्रबाट निर्मित "निरन्तर शिक्षा तह १" सिकाइ सामग्री र पाठ्यपुस्तक प्रयोग गरिने छ । यसका साथै सहभागीको रुचिअनुसार साक्षरताको मापदण्डअनुसार उपलब्ध स्थानीय सरल पाठ्यसामग्रीको पनि प्रयोग गर्न सकिने छ,

ख. समयानुकूल, सान्दर्भिक, अन्तरक्रियात्मक र अभ्यासमा आधारित थप मुद्रित तथा डिजिटल (कम्प्युटर तथा मोबाइल) सामग्रीहरूको निर्माण तथा प्रयोगमा जोड दिइनेछ,

ग. मातृभाषामा साक्षरता सिप हासिल गरेका व्यक्तिलाई पनि साक्षर गणना गरिने हुनाले मातृभाषामा तयार गरिएका पाठ्यसामग्री पनि प्रयोग गर्न सकिनेछ,

घ. विगतमा साक्षर घोषणा भई सकेका जिल्ला तथा स्थानीय तहहरू यो अवधारणा पत्रअनुसार नै साक्षर भएका मानिने छन् । तर निरक्षर जनसङ्ख्या बाँकी रहेको पाइएमा गाउँपालिका तथा नगरपालिकाहरूले आवश्यक योजना बनाई साक्षरताको अवसर प्रदान गर्न सकिने छ,

ङ. देहायअनुसारको मापदण्डका आधारमा साक्षरताको मूल्याङ्कन गर्दा कम्तीमा ५० प्रतिशत सक्षमता हासिल गर्नसक्ने व्यक्तिलाई साक्षरताको प्रमाण पत्र दिइने छ :

- राष्ट्रभाषा वा मातृभाषाका वर्ण/अक्षरको पढाइ र लेखाइ,
- नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बीलको पढाइ,
- आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेखाइ र पढाइ,
- मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न,
- ० देखि ९ सम्मका अङ्क अक्षर लेखाइ,
- १ देखि १०० सम्म गणना,
- लेनदेनका हरहिसाब रखाइ,
- सरल चित्र, पोस्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढाइ र बुझाइ,
- सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन,

- घडी हेरेर समय बताउन,
- भित्तेपात्रो हेरी तिथिमिति बताउन,
- बैँङ्क भौचर भराइ र चेक खिचाइ ।

च. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३, साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६९, अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६९, साक्षरता अभियानमा विद्यार्थी परिचालन तथा मूल्याङ्कन निर्देशिका, २०७०, निरक्षरहरूको नामनामेसी सङ्कलन, व्यवस्थापन र अद्यावधिक गर्ने कार्यविधि-२०६७ तथा तत्कालीन अनौपचारिक शिक्षा केन्द्रबाट विकास गरी प्रयोगमा ल्याइएका सामग्रीहरू यस अभियानका सहयोगी अङ्ग रहनेछन् ।

## १०. साक्षर घोषणाको कार्यविधि

क. साक्षरता कार्यक्रम सञ्चालन गर्ने संस्था वा व्यक्तिले कक्षा सञ्चालन गरेको स्थानमा स्थायी बसोबास गर्ने १५ वर्ष र सोभन्दा माथिल्लो उमेर समूहको निरक्षर जनसङ्ख्या मध्ये साक्षरता कक्षामा सहभागी भई साक्षर भएका नामनामेसीसहितको प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकामा पेस गर्ने,

ख. गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थायी बसोवास गर्ने १५ वर्ष र सोभन्दा माथिल्लो उमेर समूहका ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा सोही तहको अभियान समन्वय समितिको सिफारिसमा बाँकी निरक्षरलाई आगामी एक वर्षभित्र साक्षर गराउने प्रतिबद्धता गरी साक्षर भएको संस्थागत निर्णय गरी विशेष समारोह आयोजना गरी निर्णयको सार्वजनिक घोषणा गर्न सकिने,

ग. जिल्ला तहका लागि जिल्ला साक्षरता समन्वय समितिबाट साक्षर जिल्ला भएको विवरण प्रदेशमा पठाई विशेष समारोह आयोजना गरी साक्षर जिल्ला भएको सार्वजनिक घोषणा गर्न सकिने,

घ. तोकिएको मापदण्डअनुसार निरक्षर जनसङ्ख्या बाँकी नरहेका तर साक्षर घोषणा गर्न बाँकी 'क' तथा 'ख' समूहका जिल्ला तथा स्थानीय तहमध्ये जिल्लाका लागि जिल्ला साक्षरता समन्वय समितिबाट र गाउँ तथा नगरपालिका लागि सोही तहबाट आवश्यक समन्वय र संस्थागत निर्णय गरी तत्कालै साक्षर घोषणा गर्ने,

ङ. कुनै गाउँपालिका/गरपालिका वा जिल्लामा स्थायी बसोवास गर्ने १५ वर्ष र सोभन्दा माथिको उमेर समूहका ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा सो तहले साक्षर भएको निर्णय नगरे पनि अभिलेख सत्यापनका आधारमा प्रदेश वा केन्द्रबाट सो क्षेत्रलाई 'साक्षर' भएको मान्यता दिन सकिने छ।

च. विगतमा साक्षर घोषणा भएका र हालसम्म साक्षर घोषणा गर्ने प्रतिबद्धता गरेका जिल्लाहरूका हकमा १५-६० वर्ष उमेर समूहलाई कायम गरिएको आधारलाई यथावत् राखी साक्षर घोषणा गरिने र स्थानीय तहबाट ६० भन्दा माथिका निरक्षर प्रौढहरूलाई साक्षरताको अवसर र नवसाक्षरलाई निरन्तर सिकाइ अवसर प्रदान गर्नु पर्दछ।

## ११. तहगत कार्य जिम्मेवारी र दायित्व

### ११.१ केन्द्रीयस्तरका जिम्मेवारी

#### क. नेपाल सरकार/मन्त्रिपरिषद्

१. साक्षर नेपाल अभियान समापनको अवधारणा स्वीकृत गरी आवश्यक राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा समन्वय, नीति निर्धारण, निर्देशन र बजेट व्यवस्था गर्ने,

२. सबै मन्त्रालयहरूलाई आ-आफ्ना मातहतका निकायहरूबाट मानवीय, भौतिक तथा आर्थिक स्रोत परिचालन गरी साक्षर नेपाल अभियानमा सम्लग्न हुन निर्देशन दिने,

३. केन्द्र, प्रदेश, स्थानीय तहका सरकारी र सहयोगी निकायहरूको जिम्मेवारी, समन्वय, प्राविधिक सहयोग, सहजीकरण र प्रतिवेदन प्रणाली विकास गर्ने,

४. जिल्ला, गाउँ तथा नगरपालिकालाई साक्षर गराउन विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाहरूलाई साक्षरता कार्यक्रम सञ्चालनमा सहयोग गर्ने वातावरण बनाउने,

५. सरकारी सञ्चार माध्यमबाट निःशुल्क रूपमा साक्षर नेपाल अभियानका सन्देश प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने साथै कलाकार वा लब्धप्रतिष्ठित व्यक्तिलाई साक्षरता दूत मनोनयन गर्ने,

६. साक्षरता सिपसँगै दिगोपनका लागि जीवनपर्यन्त शिक्षा तथा सिकाइ अवसरको राष्ट्रिय प्रारूप विकास गर्ने ।

## ख. विभिन्न मन्त्रालयहरू

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आफ्नो स्रोत, साधन परिचालन गर्ने तथा सबै स्थानीय तहहरूलाई आफ्ना क्षेत्रभित्र साक्षरताका कार्यक्रम तर्जुमा, कार्यान्वयन एवम् परिचालन गर्न आह्वान गर्ने,

२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अभियानको तयारी र कार्यान्वयनका समयमा अन्तर मन्त्रालय समन्वय, विकास साझेदारसहित अन्तर निकाय समन्वय, नीति तथा मापदण्ड निर्धारण, सल्लाह, सुझाव, निर्देशन र अनुगमन एवम् सहजीकरण कार्य गर्ने,

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साक्षर नेपाल अभियानसम्बन्धी निर्देशिका तथा कार्यविधि तर्जुमा गरी सहजीकरण गर्ने तथा केन्द्रीय समन्वयकर्ता र सम्पर्क मन्त्रालयको भूमिका निर्वाह गर्ने,

४. अन्य मन्त्रालयहरूले आवयकताअनुसार अभियानको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने ।

## घ. शिक्षा तथा मानव स्रोत विकास केन्द्र

१. साक्षर नेपाल अभियानको कार्यान्वयनका सम्बन्धमा कार्यक्रम निर्माण, कार्यान्वयन निर्देशिका तयारी, अभिमुखीकरण, तालिम सामग्री विकास, प्रचार प्रसार, अनुगमनलगायतका कार्यको संयोजन गर्ने,

२. विभिन्न निकायसँग समन्वय र सहकार्यका लागि आवश्यक व्यवस्थापन गर्ने तथा अभियानको अनुगमन तथा मन्त्रालयमा नियमित रिपोर्टिङ गर्ने,

३. राम्रा अभ्यासको प्रचार प्रसार, डकुमेन्ट्री निर्माण तथा विभिन्न मातृभाषामा सामग्री विकास गरी राष्ट्रिय तथा स्थानीयस्तरका आम सञ्चार माध्यमबाट प्रचार प्रसारको व्यवस्था गर्ने,

४. साक्षर नेपाल वर्ष, २०७६ सम्बन्धी डेस्क स्थापना गरी कार्यक्रमहरूको संयोजन, अनुगमन र प्रतिवेदन समेतका काम गर्ने ।

## ११.२ प्रदेश तहका जिम्मेवारी

१. साक्षर नेपाल वर्ष, २०७६ सम्बन्धी कार्यक्रमहरूको संयोजन, अनुगमन र प्रतिवेदन कार्य गर्ने,

२. प्रदेश तहका कार्यक्रम तथा बजेटमा साक्षर नेपाल अभियानसम्बन्धी कार्यक्रमहरू निर्धारण गर्ने,

३. प्रदेश तहमा सञ्चालन गरिने अभियानहरूसँग साक्षर नेपाल अभियानलाई जोडेर लैजाने,

४ जिल्ला र स्थानीय तहबिच आवश्यक समन्वय, सहजीकरण र मार्गदर्शन गर्ने,

५ शिक्षा विकास निर्देशनालयले प्रदेश सचिवालयको कार्य गर्ने ।

## ११.३ स्थानीय तहको जिम्मेवारी

### क जिल्ला तह

१. स्थानीय तहहरूमा कार्यान्वयन गरिएका साक्षरता कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा स्थानीय तहहरूको विवरण तयार गरी साक्षर जिल्ला घोषणाको संयोजन गर्ने,

२. साक्षर नेपाल अभियान तयारी र कार्यान्वयनका चरणमा आवश्यक अन्तर निकायगत समन्वय, सल्लाह, सुझाव र अनुगमन, सहजीकरण, अभिलेखन र प्रतिवेदन तयार गरी पेस गर्ने,

३. जिल्लाभित्रका सबै गाउँपालिका/नगरपालिकामा तोकिएको उमेर समूहका ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा साक्षर जिल्ला भएको घोषणा गर्ने,

४. शिक्षा विकास तथा समन्वय इकाइले जिल्ला सचिवालयको कार्य गर्ने

### ख. गाउँपालिका तथा नगरपालिकाहरू

१. आफ्नो क्षेत्रभित्र स्थायी बसोबास गर्ने तोकिएको उमेर समूहका निरक्षर जनसङ्ख्याको  नामनामेसीसहित एकीन गर्ने,

२. गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्रका सबै निरक्षरलाई साक्षर बनाउने गरी तत्कालै स्थानीय स्रोत व्यवस्थापनसहित कार्यक्रम तर्जुमा गरी कार्यान्वय गर्ने,

३. आफ्नो क्षेत्रभित्रका टोल र वस्तीसम्म साक्षर नेपाल वर्ष २०७६ अभियानका बारेमा विद्यार्थी, शिक्षक, अभिभावक, सञ्चारकर्मी, राजनीतिक दल, नागरिक समाज र स्थानीय स्रोतको समेतको सहभागिता र परिचालन गरी प्रचार प्रसार गर्ने,

४. योग्य र अनुभवी साक्षरता सहजकर्ता छनोट, तालिम सामग्री, पाठ्यसामग्रीको प्रबन्ध, कक्षा वा सिकाइ सञ्चालन, अनुगमन, साक्षर व्यक्ति प्रमाणीकरण तथा साक्षर घोषणाको समन्वय र नेतृत्व गर्ने,

५. प्रत्येक विद्यालयलाई आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक तथा परिवारका सदस्यहरूलाई साक्षर बनाउन जवाफदेही

बनाउने । यसका लागि विद्यालयमा आवश्यकताअनुसार साक्षरता समन्वयकर्ताको व्यवस्था गर्ने

६. साविकका कृषि, पशु, वन, घरेलु तथा साना उद्योग, महिला तथा बालबालिका कार्यालयअर्न्तगत गठित उपभोक्ता तथा लक्षित समूहहरूमा साक्षरतासहितको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,
७. समुदायमा आधारित सङ्घ/संस्थाहरूका निरक्षर सदस्यहरूलाई साक्षर बनाउन सम्बन्धित सङ्घ/संस्थालाई पनि जिम्मेवार बनाउने,
८. जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाको दीर्घकालीन प्रबन्ध हुने गरी योजना तर्जुमा गर्ने,
९. सामुदायिक सिकाइ केन्द्रलाई जीनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने थलोका रूपमा विकास गर्दै लैजाने,
१०. गाउँपालिका/नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने तोकिएको उमेर समूहका ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा साक्षर भएको घोषणा गर्ने ।

## ११.४ अन्य निकायहरूको दायित्व

### क. सामुदायिक सिकाइ केन्द्र, सामाजिक/धार्मिक सङ्घ संस्था तथा विद्यालयहरू

१. स्थानीय सरकारको नेतृत्वमा सामुदायिक सिकाइ केन्द्र, सामुदायिक विद्यालय, स्थानीय सङ्घ संस्थाबाट साक्षरता कार्यक्रमहरू कार्यन्वयन गर्न सहयोग गर्ने,
२. कार्यक्रम सञ्चालनका लागि आफ्नो संस्थाको कार्यक्षेत्र भित्र रहेका गाउँपालिका/नगरपालिका भित्र रहेका सबै निरक्षरहरूको विवरण सङ्कलनमा सहयोग गर्ने,
३. निर्धारित नीति तथा मापदण्डअनुसार अभियान सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

४. स्थानीय आवश्यकताअनुसार अभियान सफल पार्न योगदान दिने ।

## ख. राजनीतिक दल

१. आ-आफ्ना दलबाट निर्वाचित जनप्रतिनिधि तथा कार्यकर्ताहरूलाई साक्षर नेपाल अभियानमा मूलतः निरक्षर व्यक्ति पहिचान गर्न तथा व्यक्ति प्रणाली र समूह प्रणालीमा साक्षरता स्वयंसेवकका रूपमा परिचालन गर्ने,

२. अभियान सञ्चालनमा सहजता ल्याउन आवश्यक सहयोग गर्ने ।

## ग. आम सञ्चार माध्यम

१. साक्षरता अभियानमा सञ्चार क्षेत्रस ँगसहकार्य र साझेदारी अभिवृद्धि गर्दै राम्रा अभ्यास तथा प्रेरक सामग्री तयारी, डकुमेन्ट्री निर्माण तथा राष्ट्रिय तथा स्थानीयस्तरका आम सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने,

२. मोवाइल, टेलिफोन, भिडियो क्याप्सन, इन्टरनेट जस्ता दूरसञ्चारका माध्यमहरूबाट प्रचार प्रसारका सन्देशहरू प्रवाह गर्ने व्यवस्था मिलाउने ।

## घ. विकास साझेदारहरू

१. अन्यत्रका असल अभ्यासहरूबारे जानकारी उपलब्ध गराउने,

२. कार्यक्रम सञ्चालनमा आवश्यक आर्थिक तथा प्राविधिकसहितको सहयोग गर्ने ।

# १२. संस्थागत संरचना

हाल भइरहेको संरचनालाई नै बढीभन्दा बढी परिचालन गरिने छ । सङ्घमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश तहमा शिक्षा विकास निर्देशनालय, जिल्लामा शिक्षा समन्वय एकाइ र गाउँ तथा नगरपालिकाको शिक्षा शाखामा आवश्यक जनशक्तिसहित डेस्क स्थापना गरी समग्र कार्यक्रमको संयोजन,सहजीकरण, अनुगमन तथा प्रतिवेदनको व्यवस्था मिलाइने छ ।

क. बुँदा नं ११.१ अनुसारका कार्यहरूको आवश्यक तयारी र सहजीकरण तथा कार्य सम्पादन गर्न निम्नानुसारको साक्षरता अभियान केन्द्रीय समन्वय समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| १. | मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| ३. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| ४. | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि | सदस्य |
| ५. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | सचिव, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | |
| ७. | सह-सचिव, शिक्षा, विद्यालय शिक्षा महाशाखा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८. | महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| ९. | सामाजिक विकास मन्त्रालयका सचिवहरू मध्ये अध्यक्षबाट मनोनीत एकजना | सदस्य |
| १०. | नेपाल शिक्षक महासङ्घका अध्यक्ष | सदस्य |
| ११. | शिक्षा पत्रकार समूहका अध्यक्षहरू दुईजना | सदस्य |
| १२. | उप महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (अनौपचारिक शिक्षा हेर्ने) | सदस्य सचिव |

ख. शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा साक्षर नेपाल अभियानको समन्वय, सहजीकरण र अन्य व्यवस्थापकीय कार्यका लागि साक्षरता समन्वय डेस्क रहने छ ।

ग. बुँदा नं ११.२ अनुसारका कार्यहरूको आवश्यक तयारी र सहजीकरण तथा कार्य सम्पादन गर्न निम्नानुसारको साक्षरता अभियान प्रदेश समन्वय समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| १. | मन्त्री, प्रदेश सामाजिक विकास मन्त्रालय | संयोजक |
| २. | सचिव, प्रदेश सामाजिक विकास मन्त्रालय | सदस्य |

३. जिल्ला समन्वय समितिका प्रमुख मध्येबाट संयोजकबाट मनोनीत एकजना सदस्य

४. नगरपालिका प्रमुख वा उप प्रमुख अथवा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी संयोजकबाट मनोनीत दुई जना सदस्य

५. निर्देशक, प्रदेश शिक्षा विकास निर्देशनालय सदस्य सचिव

घ. बुँदा नं ११.३ (क) अनुसारका कार्यहरूको आवश्यक तयारी र सहजीकरण तथा कार्य सम्पादन गर्न निम्नानुसारको साक्षरता अभियान जिल्ला समन्वय समिति गठन गरिनेछ :

१. प्रमुख, जिल्ला समन्वय समिति संयोजक

२. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय सदस्य

३. जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति सदस्य

४. नगरपालिका प्रमुख वा उप प्रमुख अथवा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी संयोजकबाट मनोनीत दुईजना सदस्य

५. अध्यक्ष, नेपाल शिक्षक महासङ्घका जिल्ला कार्य समिति

६. स्थानीय सामाजिक संस्था तथा गैससमध्ये संयोजकबाट मनोनीत एकजना सदस्य

७. इकाइ प्रमुख, शिक्षा विकास समन्वय सदस्य सचिव

ङ. बुँदा नं ११.३ (ख) अनुसारका कार्यहरूको आवश्यक तयारी र सहजीकरण तथा कार्य सम्पादन गर्न निम्नानुसारको साक्षरता अभियान नगरपालिका/ गाउँपालिका समिति गठन गरिनेछ :

१. अध्यक्ष, नगरपालिकाका प्रमुख/गाउँपालिकाका - संयोजक

२. उपाध्यक्ष, नगरपालिकाका उपप्रमुख/गाउँपालिकाका उपाध्यक्ष

३. संयोजक, नगरपालिका/गाउँपालिका सामाजिक विकास समिति/ शिक्षा समितिको संयोजक - सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत, न.पा./गा.पा. - सदस्य

५. संयोजक, नगरपालिका/गाउँपालिकाका बडा अध्यक्षहरू मध्येबाट संयोजकबाट मनोनीत एकजना - सदस्य

६. विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट संयोजकबाट तोकेका एकजना - सदस्य

७. सामुदायिक सिकाइ केन्द्रका अध्यक्षहरू मध्येबाट संयोजकबाट मनोनीत एकजना - सदस्य

८. स्थानीय सामाजिक संस्था तथा गैससमध्ये संयोजकबाट मनोनीत एकजना - सदस्य

९. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

च. विभिन्न तहमा गठन गरिएका उल्लिखित समितिहरूको बैठकमा उपयुक्त अन्य व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ । समितिहरूले आवश्यकताअनुसार बैठकको कार्यविधि आफैँ तय गर्नुपर्ने छ ।

## १३. साक्षर नेपालपछिको परिकल्पना

संयुक्त प्रयत्नको फलस्वरूप साक्षर नेपाल अभियान वि.सं.२०७६ मा सफलतापूर्वक सम्पन्न हुनेछ । यस अभियानको पूर्णतापछि विशेष कार्यक्रमको आयोजना गरी नेपालबाट सदाका लागि निरक्षरता उन्मूलन भएको घोषणा गरिनेछ । वि.सं.२०७६ (सन् २०१९) पछिको नेपाल साक्षरताका दृष्टिकोणबाट देहायको अवस्थामा हुनेछ :

क. १५ वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिक साक्षर भएका हुनेछन्,

ख. नवसाक्षर नागरिकहरू सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक रूपमा सचेत भएका हुनेछन्,

ग. नवसाक्षरहरूले जीवनपर्यन्त सिकाइका लागि निरन्तर शिक्षा तथा आवश्यकतामा आधारित सिपमूलक तालिम लगायतका अवसरमा सहभागी हुनसक्ने छन्,

घ. आफ्नो अधिकार र कर्तव्ययुक्त बोध भएको नेपाली समाजको स्थापना भएको हुनेछ,

ङ. २०७८ को जनगणनादेखि शैक्षिक महलअन्तर्गत निरक्षरको गणना गरिने छैन,

च. मानव विकास सूचाङ्कमा नेपालको स्तर अभिवृद्धि भएको हुनेछ ।

## १४. बजेट व्यवस्थापन

मूलतः स्थानीय तहहरूबाट नै आवश्यक कार्यक्रम, कक्षा र वित्तीय दायित्व अनुमान गर्न सकिने छ । नेपाल सरकारबाट साक्षरता अभियान सञ्चालन गर्नका निम्ति आवश्यक बजेटको व्यवस्था गर्नेछ । बजेट व्यवस्था गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबिच साझेदारीका आधारमा गरिनेछ । चालु आ.व.मा सङ्घ, प्रदेश र स्थानीय तहमा विनियोजित बजेटबाट स्रोत साधनबाट परिपूर्ति गरिनेछ । प्रदेश तथा स्थानीय तहमा विनियोजित बजेट र विकास साझेदारसहित अन्य स्रोतबाट आवश्यक थप बजेटसहित व्यवस्थापकीय प्रबन्ध गर्नु सम्बन्धित तहका सरकारको दायित्व रहने छ ।

हाल उपलब्ध तथ्याङ्कअनुसार साक्षर घोषणा गर्न बाँकी जिल्लाहरूमध्ये १२ जिल्लामा रहेका निरक्षर सङ्ख्या १,०२,१०१ जना देखिएकाले प्रतिव्यक्ति लागत इकाइ रु. २००० कायम गर्दा न्यूनतम रु. २०,४२,०२,००० बजेट आवश्यक देखिन्छ । १५ वर्ष र सोभन्दा माथिको उमेर समूहलाई साक्षरताको परिभाषामा समेटिएपछि हुन आउने थप रकम नयाँ तथ्याङ्क पहिचान गरिएपछि अनुमान गरिनेछ ।

तर यो सङ्ख्यामा प्रदेश नं. २ अन्तर्गतका सप्तरी, सिराहा, बारा जिल्लाको थप सङ्ख्या समावेश छैन । अन्य जिल्लाको पनि सीमित सङ्ख्या मात्र समावेश छ । यस आधारमा मात्र स्थानीय तहका लागि साक्षरताको खुद वित्तीय आँकलन तत्कालै गर्न सकिँदैन । किनकि

क. गाउँपालिका तथा नगरपालिकाहरूले आवश्यकताअनुसार आफ्नो क्षेत्रभित्र स्थायी बसोबास गर्ने निरक्षर जनसङ्ख्याको नामनामेसीसहित एकीन गर्नु पर्नेछ,

ख. गाउँपालिका तथा नगरपालिकाहरूमा निर्वाचित जनप्रतिनिधिहरूबाट आफ्नै पहलमा गरिने कार्य र त्यसबाट आउनसक्ने नयाँ तथ्याङ्कअनुसार वित्तीय आँकलन तत्काल सम्भव छैन,

ग. साक्षर नेपाल वर्ष, २०७६ को वित्तीय व्यवस्थापन ३ तहका सरकारहरूबिच लागत साझेदारीमा आधारित हुनेछ,

घ. साक्षरताको प्रवर्धन मूलतः स्वयम्सेवामूलक रहनेछ ।

यसका लागि अनुकूलता अनुसार देहायका ढाँचा अपनाइने छ :

**अ.** **Each One Teach One :** समुदायमा रहेका साक्षर एकजना व्यक्तिले अर्को कम्तीमा एकजना निरक्षर व्यक्तिलाई निश्चित समयमा साक्षर गराउने गरी सञ्चालन गरिन्छ । यस ढाँचालाई व्यक्ति प्रणाली पनि भनिन्छ ।

**आ.** **समूह प्रणाली :** समुदायमा कुनै समूहका आबद्ध रहेका निरक्षरहरूलाई सो समुहको पहलमा साक्षर गराउने ढाँचा । समूह प्रणालीमा सहजकर्ताले धान्न र सिकारुले सिक्न सक्ने सहभागी रहन सक्नेछन् ।

**इ.** **परिवार साक्षरता :** आफ्नो परिवारमा रहेका निरक्षर व्यक्तिलाई परिवारकै साक्षर व्यक्तिको पहलमा साक्षर गराउने ढाँचा ।

**ई.** **कक्षागत प्रणाली :** सञ्चालक संस्थाबाट नियुक्त र तालिम प्राप्त सहजकर्ताबाट समुदायमा रहेका निरक्षरहरू जम्मा गरी निश्चित सङ्ख्यालाई कक्षामा राखेर सिकाउने ढाँचा । यस प्रणालीअन्तर्गत हिमाली जिल्लामा प्रतिकक्षा १५ जना, तराइ, पहाड र उपत्यकामा २०, २० जना सहभागी हुन सक्छन् ।

उल्लिखित ढाँचा मध्ये कतै सीमित लागतमा र कतै बढी लागत पनि लाग्न सक्छ । तसर्थ साक्षरताको वित्तीय व्यवस्थापन आवश्यकतामा आधारित र तत्कालै गर्नसक्ने गरी जगेडा कोष मार्फत् हुनु आवश्यक छ ।

## १५. सम्भावित चुनौतीहरू

साक्षर नेपाल अभियानमा निम्नानुसारका चुनौतीहरू रहेका छन् :

- अन्तर सरकार, मन्त्रालय र निकायबिच भरपर्दो समन्वय तथा परिचालनको वातावरण,
- साक्षरता प्रवर्धनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको प्राथमिकता र आवश्यक वित्तीय स्रोत तथा व्यवस्थापकीय प्रबन्ध, अग्रसरता र तत्परता,
- राजनीतिक दलहरू र अन्य सरोकारवालाहरूको सामूहिक प्रतिबद्धता, साझेदारी र सहकार्य,
- निरक्षर नेपाली नागरिकहरूका लागि साक्षरताको प्रयोजन र आवश्यकता बोध र उत्प्रेरणा ।

*अनुसूची १*

**साक्षर घोषणा गर्न बाँकी जिल्लाहरूको तथ्याङ्कीय अवस्था**

| क्र.सं. | जिल्ला | जनगणना २०६८ | | | २०६७ को घरधुरी सर्वेक्षणमा निरक्षर जनसङ्ख्या | विगत ८ वर्षमा साक्षरता कक्षा प्राप्त जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | जम्मा जनसङ्ख्या | १५-६० वर्षको जनसङ्ख्या | १५-६० वर्षको निरक्षर जनसङ्ख्या | | |
| १ | ताप्लेजुङ | 127461 | 66315 | 19215 | 22784 | 22,345 |
| २ | संखुवासभा | 158742 | 83186 | 25823 | 29429 | 32,047 |
| ३ | मोरङ | 965370 | 559228 | 175265 | 158536 | 158,813 |
| ४ | सोलुखुम्बु | 105886 | 56672 | 21166 | 23064 | 19,780 |
| ५ | उदयपुर | 317532 | 165270 | 57661 | 65243 | 61,038 |
| ६ | सप्तरी | 639284 | 339932 | 177913 | 170868 | 178,024 |
| ७ | सिराहा | 637328 | 326515 | 189103 | 187243 | 193,448 |
| ८ | धनुषा | 754777 | 400122 | 224224 | 188644 | 182,450 |
| ९ | महोत्तरी | 627580 | 314889 | 192124 | 197107 | 166,910 |
| १० | सर्लाही | 769729 | 392591 | 235504 | 221677 | 197,441 |
| ११ | रौतहट | 686722 | 340748 | 218453 | 195810 | 200,943 |
| १२ | बारा | 687708 | 353690 | 192808 | 151262 | 155,775 |
| १३ | पर्सा | 601017 | 319511 | 157355 | 144505 | 143,678 |
| १४ | काभ्रेपलाञ्चोक | 381937 | 216739 | 68734 | 81237 | 89,323 |
| १५ | काठमाण्डौ | 1744240 | 1187438 | 156797 | 49334 | 53,745 |
| १६ | कपिलवस्तु | 571936 | 294764 | 147274 | 141140 | 112,476 |
| १७ | बाँके | 491313 | 268613 | 108960 | 90737 | 90,210 |
| १८ | हुम्ला | 50858 | 25385 | 15350 | 17817 | 19,580 |
| १९ | मुगु | 55286 | 26493 | 15412 | 19657 | 18,612 |
| २० | डोल्पा | 36700 | 19085 | 10240 | 11372 | 11,927 |
| २१ | कालिकोट | 136948 | 63534 | 33284 | 36543 | 40,813 |
| २२ | जुम्ला | 108921 | 55285 | 29918 | 31813 | 34,673 |
| २३ | बाजुरा | 134912 | 62234 | 32601 | 41175 | 44,979 |
| २४ | बझाङ | 195159 | 88746 | 46101 | 62213 | 67,491 |
| २५ | अछाम | 257477 | 115267 | 59268 | 75153 | 79,988 |
| २६ | डोटी | 211746 | 98821 | 48447 | 54998 | 48,909 |
| २७ | कैलाली | 775709 | 424002 | 159201 | 143235 | 145,142 |
| २८ | बैतडी | 250898 | 120286 | 49630 | 64357 | 70,105 |
| २९ | डडेल्धुरा | 142094 | 69362 | 26763 | 30767 | 33,467 |
| ३० | कञ्चनपुर | 451248 | 241928 | 79975 | 71476 | 77,494 |
| | जम्मा | | | | | |

*अनुसुची २*

## २०७४ चैत्रसम्म साक्षर घोषित जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | जनगणना २०६८ | | | २०६७ को घरधुरी सर्वेक्षणमा १५-६० उमेर समूहको निरक्षर जनसङ्ख्या | साक्षरता प्रतिशत | साक्षर जिल्ला घोषणा मिति |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा जनसङ्ख्या | १५-६० वर्ष उमेर समूहको जनसङ्ख्या | १५-६० वर्ष उमेर समूहको निरक्षर | | | |
| १ | सिन्धुपाल्चोक | 287798 | 154074 | 69241 | 81981 | 97.68 | २०७१।०३।०२ |
| २ | ललितपुर | 468132 | 309692 | 51274 | 31464 | 100 | २०७१।०३।०९ |
| ३ | धादिङ | 336067 | 175062 | 71199 | 83318 | 98.40 | २०७१।०३।२९ |
| ४ | पाल्पा | 261180 | 138312 | 30984 | 38088 | 99.53 | २०७१।०३।११ |
| ५ | मुस्ताङ | 13452 | 8581 | 2682 | 3001 | 96.35 | २०७१।०३।३१ |
| ६ | स्याङजा | 289148 | 151682 | 32241 | 48291 | 96.16 | २०७१।०५।२३ |
| ७ | चितवन | 579984 | 344494 | 76937 | 73520 | 97.50 | २०७१।०५।२३ |
| ८ | अर्घाखाँची | 197632 | 97424 | 26916 | 39401 | 97.50 | २०७२।०२।२२ |
| ९ | सुर्खेत | 350804 | 184980 | 53264 | 58410 | 96.26 | २०७२।०२।२५ |
| १० | गुल्मी | 280160 | 137804 | 37793 | 49063 | 96.00 | २०७२।०३।२६ |
| ११ | प्युठान | 228102 | 105486 | 40008 | 44949 | 97.70 | २०७२।०३।२० |
| १२ | दाङ | 552583 | 302056 | 102862 | 96862 | 96.80 | २०७२।०३।२४ |
| १३ | नवलपरासी पूर्व | 321754 | 1268937 | 56468 | 54443 | 98.00 | २०७२।०३।३१ |
| १४ | नवलपरासी पश्चिम | | | | | | |
| १५ | रूपन्देही | 880196 | 492681 | 156737 | 133153 | 96.17 | २०७२।०३।३१ |
| १६ | कास्की | 492098 | 294880 | 45989 | 33675 | 96.00 | २०७२।०३।३० |
| १७ | तनँहु | 323288 | 171540 | 42545 | 43621 | 96.40 | २०७२।०३।२८ |
| १८ | लमजुङ | 167724 | 88757 | 25507 | 32376 | 95.50 | २०७२।०३।३१ |
| १९ | पाँचथर | 191817 | 103004 | 28248 | 32379 | 97.00 | २०७२।०४।०९ |
| २० | नुवाकोट | 277471 | 151082 | 66616 | 81290 | 98.19 | २०७२।०५।२२ |
| २१ | भक्तपुर | 304651 | 199578 | 34479 | 27249 | 96.70 | २०७२।०८।२७ |
| २२ | रोल्पा | 224506 | 108241 | 49026 | 58118 | 96.27 | २०७२।०९।०९ |
| २३ | सल्यान | 242444 | 122966 | 50983 | 53502 | 96.72 | २०७२।०९।१४ |
| २४ | दार्चुला | 133274 | 66109 | 24709 | 31430 | 95.40 | २०७२।०९।१५ |
| २५ | जाजरकोट | 171304 | 81609 | 41967 | 43637 | 95.30 | २०७२।११।२८ |
| २६ | बर्दिया | 426576 | 238349 | 95405 | 76052 | 96.41 | २०७२।१२।२८ |
| २७ | रुकुम | 104283 | 51884 | 23978 | 27023 | 97.28 | २०७३।०१।३१ |
| २८ | रुकुम पूर्व | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | झापा | 812650 | 474591 | 119602 | 112583 | 98.33 | २०७३।०२।१७ |
| ३० | बाग्लुङ | 268613 | 137418 | 38181 | 43780 | 96.57 | २०७३।०३।०३ |
| ३१ | दोलखा | 186557 | 97088 | 38915 | 53466 | 95.37 | २०७३।०३।१० |
| ३२ | मकवानपुर | 420477 | 232709 | 78404 | 74023 | 98.97 | २०७३।०५।३० |
| ३३ | रामेछाप | 202646 | 103878 | 43607 | 52740 | 96.40 | २०७३।०६।०५ |
| ३४ | धनकुटा | 163412 | 91680 | 23137 | 30734 | 97.25 | २०७३।०८।१६ |
| ३५ | ओखलढुङ्गा | 147984 | 75172 | 28557 | 37054 | 99.05 | २०७३।०९।१० |
| ३६ | दैलेख | 261770 | 125949 | 56287 | 64676 | 95.66 | २०७३।११।२८ |
| ३७ | मनाङ | 6538 | 4317 | 940 | 1406 | 96.90 | २०७४।०३।२२ |
| ३८ | सिन्धुली | 296192 | 148344 | 67161 | 73041 | 99.13 | २०७४।०३।२४ |
| ३९ | इलाम | 290254 | 172546 | 36686 | 40523 | 97.62 | २०७४।०३।२८ |
| ४० | गोरखा | 271061 | 139772 | 47786 | 72601 | 97.20 | २०७४।०५।०९ |
| ४१ | म्याग्दी | 113641 | 58069 | 15637 | 19838 | 96.27 | २०७४।१०।०८ |
| ४२ | पर्वत | 146590 | 76908 | 18999 | 25832 | 96.93 | २०७४।१०।१८ |
| ४३ | रसुवा | 43300 | 22966 | 12456 | 14887 | 96.29 | २०७४।१०।२९ |
| ४४ | खोटाङ | 206312 | 102848 | 32986 | 44162 | 96.56 | २०७४।११।०२ |
| ४५ | सुनसरी | 763487 | 437563 | 147892 | 121327 | 95.50 | २०७४।११।१५ |
| ४६ | तेह्रथुम | 101577 | 55086 | 13458 | 17231 | 95.98 | २०७४।१२।२० |
| ४७ | भोजपुर | 182459 | 95624 | 29419 | 37117 | 96.40 | २०७४।१२।२५ |

स्रोत : अनौपचारिक शिक्षा सन्देश, बुलेटिन २०७५

# साक्षर नेपाल वर्ष, २०७६, कार्य योजना

| क्रसं. | मुख्य क्रियाकलाप | सम्पादन समय | कार्य पद्धति | जिम्मेवार निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | कार्य योजनासहित अवधारणा पत्र तयारी | २०७५ कातिक १० | मस्यौदा तयारी<br>छलफल | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | मस्यौदा |
| २ | कार्य योजनासहित अवधारणापत्र स्वीकृति | २०७५ कात्तिक दोस्रो हप्ता | मन्त्री परिषदबाट | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वीकृत अवधारणापत्र |
| ३ | प्रदेश तथा स्थानीय तहमा समन्वयात्मक अभिमुखीकरण | ०७५ मंसिर दोस्रो हप्ताभित्र | अभिमुखीकरण गोष्ठी | नेपाल सरकार, सङ्घीय र शिक्षा मन्त्रालयहरू | कार्यक्रम अभिलेख |
| ४ | प्रदेश तथा स्थानीय तहमा तयारी<br>क. अभिमुखीकरण<br>ख. तथ्याङ्क एकिन<br>ग. सहभागी भर्ना, पूर्व तयारी<br>घ. तालिम तथा सामग्रीको प्रवन्ध | ०७५ पुस मसान्तसम्म | तथ्याङ्क पुनरावलोकन, कक्षा सञ्चालन विधि, कक्षा कोटा कायम, सहजकर्ता र सञ्चालन स्थान तोक्ने<br>तालिम, सामग्री प्रबन्ध<br>सर्वपक्षीय बैठक, अपनत्व ग्रहण | प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय<br>शिक्षा विकास समन्वय इकाइ<br>गाउँ/ नगरपालिका | कार्यक्रम अभिलेख |
| ५ | साक्षरता कक्षा सञ्चालन | २०७५ माघ १ बाट पहाड र तराइमा<br>२०७५ फागुन १ बाट हिमाली क्षेत्रमा | सम्माननीय प्रधानमन्त्रीबाट सार्वजनिक आह्वान,<br>केन्द्र, प्रदेश र स्थानीय तहबाटसहजीकरण,<br>प्रचार प्रसार,<br>स्थानीय गाउँ, टोलमा कक्षा, सिकाइ प्रारम्भ | गाउँ तथा गरपालिका, शिक्षा विकास समन्वय इकाइ, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय/निर्देशनालय, नेपाल सरकार | कार्यक्रम अभिलेख |
| ६ | अनुगमन | निरन्तर | सम्बद्ध निकायको सहभागितामा | सङ्घ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय | अनुगमन अभिलेख |
| ७ | कक्षा समापन र प्रमाणीकरण | पहिलो र दोस्रो चरण क्रमश: २०७६ जेठभित्र र असारभित्र | स्थानीय तह र तोकिएका निकायबाट सहभागको सक्षमता परीक्षण गर्ने<br>साक्षरताको अभिलेखन गर्ने, प्रमाणपत्र प्रदान गर्ने | गाउँपालिका, नगरपालिका,<br>शिक्षा विकास समन्वय इकाइ, | स्थानीय अभिलेख |
| ८ | साक्षर तह घोषणा तथा सबै जिल्ला र प्रदेश साक्षर भएको एकीन गर्ने | २०७६ साउन मसान्तभित्र | सम्बद्ध तहका सञ्चालक तथा सरोकारवालाको संलग्नतामा<br>गाउँपालिका तथा नगरपालिका तथा जिल्लालाई साक्षर घोषणा गर्ने । | गाउँपालिका/ नगरपालिका, शिक्षा विकास समन्वय इकाइ,<br>जिल्ला समन्वय समिति | अभिलेख, समाचार, प्रतिवेदन |
| ९. | साक्षर नेपाल घोषणा | २०७६ भदौ<br>वा अनुकुल समयमा | ४० औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस आयोजना,<br>सम्माननीय राष्ट्रपतिज्यूबाट साक्षर नेपाल घोषणा गर्ने । | नेपाल सरकार,<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | कार्यक्रम अभिलेख |

*नोट: अवधारणापत्र मन्त्रीपरिषदबाट स्वीकृत समय, वित्तीय र अन्य प्रवन्धअनुसार कार्ययोजनाको समय सिमा परिवर्तन हुन सक्नेछ ।*

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर